NSW Health

# NSW मा स्वैच्छिक सहायताप्राप्त मृत्यु

**Voluntary assisted dying in NSW** | **Nepali**

NSW मा स्वैच्छिक सहायताप्राप्त मृत्यु प्रक्रियामा 11 **चरणहरू** छन्। तपाईं कुनै पनि समयमा यो प्रक्रिया विराम गर्न वा रोक्न सक्नुहुन्छ।

**चरण 1** — तपाईंले डाक्टरलाई स्वेच्छिक सहायताप्राप्त मृत्युको लागि **पहिलो अनुरोध** गर्नुहुन्छ।

**चरण 2** — समन्वय गर्ने डाक्टरले **पहिलो मूल्याङ्कन** पूरा गर्छ।

**चरण 3** — अर्को डाक्टरले **परामर्श मूल्याङ्कन** गर्छ।

**चरण 4** — तपाईंले **लिखित घोषणा** पूरा गर्नुहुन्छ।

**चरण 5** — तपाईंले स्वैच्छिक सहायताप्राप्त मृत्युको लागि **अन्तिम अनुरोध** गर्नुहुन्छ।

**चरण 6** — तपाईंको समन्वय चिकित्सकले **अन्तिम समीक्षा** पूरा गर्छ।

**चरण 7** — तपाईंले आफ्नो डाक्टरको सहयोगमा **औषधि कसरी लिने भन्ने** निर्णय गर्नुहुन्छ।

**चरण 8** — तपाईंको डाक्टरले **औषधि अनुमोदनको लागि आवेदन दिनुहुन्छ**। स्वैच्छिक सहायताप्राप्त मृत्यु बोर्ड Voluntary Assisted Dying Board) ले अनुमोदन प्रदान गर्दछ

**चरण 9** — तपाईंको **डाक्टरले औषधि सिफारिस गर्छ**।

**चरण 10** — तपाईंले रोज्नु भएको समयमा तपाईंले **औषधि** लिनुहुन्छ वा तपाईंलाई दिईन्छ।

**चरण 11** — **मृत्यु प्रमाणपत्र** जारी गरिन्छ।

## NSW स्वैच्छिक सहायताप्राप्त मृत्यु हेरचाह नेभिगेटर सेवा (Voluntary Assisted Dying Navigation Service)

स्वैच्छिक सहायताप्राप्त मृत्युको बारेमा प्रश्नहरूको जवाफ दिने फोन सेवा हो।

यो सेवाले बिरामी र परिवार सहित सबैलाई सहयोग गर्नेछ।

सोमबार देखि शुक्रबार बिहान 8:30 बजे देखि बेलुका 4:30 बजे सम्म **1300 802 133** मा फोन गर्नुहोस्।

यो जानकारी Voluntary Assisted Dying Act 2022 अन्तर्गत स्वैच्छिक सहायताप्राप्त मृत्यु प्रक्रियाको प्रमुख चरणहरूको सारांश हो। यो सारांश केवल सूचक हो र बिरामीको व्यक्तिगत स्वैच्छिक सहायताप्राप्त मृत्यु प्रक्रियाको क्रममा उत्पन्न हुन सक्ने सबै परिदृश्यहरूलाई समेट्दैन।